कोशी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय ताप्लेजुङ
फुङलिङ, ताप्लेजुङ

प.सं. :- ०८३/८४
च.नं. :- ११६

मिति :- वि.सं. २०८३/०६/२७
ने.स. :- ११४६ कौलाथ्व,३ मङ्गलवार

विषयः निजी स्वास्थ्य संस्थाहरुको ईजाजत पत्र लिने/नवीकरण सम्बन्धि जरुरी सूचना ।

श्री निजि स्वास्थ्य सस्था सबै
ताप्लेजुङ

प्रस्तुत विषयमा जनस्वास्थ्य सेवा ऐन, २०७५ बमोजिम जारी भएको जनस्वास्थ्य सेवा नियमावली, २०७७ को नियम १२ को उपनियम (२) सँग सम्बन्धित अनुसूची -९ को बुँदा नं. २ मा उल्लेखित स्वास्थ्य संस्थाहरूले प्रदेश सरकार वा प्रदेश सरकारले तोकेको निकायबाट सञ्चालन इजाजतपत्र लिनुपर्ने तथा नवीकरण गराउनुपर्ने व्यवस्था रहेको छ।सोही व्यवस्थाबमोजिम यस जिल्लामा हाल सञ्चालनमा रहेका तपसिलमा उल्लिखित स्वास्थ्य संस्थाहरू तथा नयाँ स्वास्थ्य संस्था सञ्चालन गर्न इच्छुक सञ्चालकहरूले स्वास्थ्य संस्था सञ्चालनका लागि अनुसूची - ८ बमोजिमका मापदण्ड पूरा गरी इजाजतपत्र प्राप्त गर्न अनुसूची - १० बमोजिमको निवेदन पेस गर्नुपर्नेछ। साथै, इजाजतपत्र, नवीकरण तथा सिफारिसका लागि अनुसूची - १२ बमोजिमको रीतपूर्वकको निवेदन आवश्यक कागजातसहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस स्वास्थ्य कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।
साथै, प्रचलित कानुन बमोजिम इजाजतपत्र नलिई वा इजाजतपत्र नवीकरण नगराई स्वास्थ्य संस्था सञ्चालन गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही तथा दण्ड-जरिवाना हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।
तपशिल

क्र.स.	स्वास्थ्य संस्थाको विवरण	ईजाजत/नवीकरण/सिफारिस लिनुपर्ने निकाय
१	२५ देखि २०० शैया सम्मका जनरल तथा बिशेषज्ञ अस्पताल	२५ शैयाको जनरल र विशेषज्ञ अस्पतालको नवीकरण/ ईजाजतका लागि सिफारिस अनुगमन तथा नियमन सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालयले गर्ने।
२	डेण्टल क्लिनिक, बिशेषज्ञ क्लिनिक, पोलिक्लिनिक	ईजाजत, नवीकरण, अनुगमन तथा नियमन सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालयले गर्ने।
३	पुनर्स्थापना केन्द्र	ईजाजत, नवीकरण, अनुगमन तथा नियमन सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालयले गर्ने।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Anil Shrestha
anilshrestha113@gmail.com

(अनिल श्रेष्ठ)
कार्यालय प्रमुख